श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं
इजलाश
प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको
**फैसला**
सम्बत् २०६९/०७० सालको स.फौ.नं.२८/**४९**(हातहतियार)

दर्ता मिति :– **२०६९/०५/२७**

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.७२२, मिति :– **२०७०/११/०९**

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**..................१ | जिल्ला काभ्रे, संखुचौर गाउँ गा.वि.स. वडा नं. ५ बस्ने लोकनाथ अर्यालको छोरा बर्ष २५ को राम अर्याल..........................................................१ |
| निजको प्रमाण.................................. | ऐ.पुरानागाउ गा.वि.स. वडा नं.७ घर भई का.जि.कामनपा वडा नं.६ बस्ने पारङ लामाको छोरा वर्ष हिराबहादुर लामा.......................................१ |
| साक्षी.......................................... | ऐ.शंखुपाटचौर गा.वि.स.वडा नं.५ बस्ने भिमबहादुर तामाङ्गको छोरा वर्ष २८ को सुमन तामाङ्ग.........................................................................१ |
| कागज.......................................... | जि.मकवानपुर,गढी गा.वि.स.वडा नं.२ बस्ने धनबहादुर तामाङको छोरा वर्ष३० को आकाश घलान (तामाङ्ग) ..........................................................१ |
| | जि.सिन्धुपाल्चोक,ठुलोपाखर गा.वि.स.वडा नं.९ बस्ने जीतबहादुर तामाङ्गको छोरा वर्ष ३८ को वाला भन्ने महावीर तामाङ्ग...................................१ |
| | निजको प्रमाण .................................................................... |
| | साक्षी .............................................................................. |
| | कागज ............................................................................ |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................
साक्षी..........................................
कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

(१) का.जि.,का.म.न.पा.वडा नं.४ धुम्बाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा ५ जना व्यक्तिहरुलाई शंकास्पद अवस्थामा फेला पारी उक्त स्थानमा रहेका राम अर्याल, महावीर तामाङ, आकाश तामाङ, सुमन तामाङ, हिरा बहादुर तामाङलाई नियन्त्रणमा लिई रितपुर्वक खानतलाशी गर्ने क्रममा राम अर्यालको साथबाट मेड इन यु.एस.ए. लेखिएको अटोमेटिक पेस्तोल नाल १, ऐ.को गोली राउण्ड १, महावीर तामाङको साथबाट माओवादी कम्युनिष्ट केन्द्र नेपाल लेखेको पर्चा थान १ , ऐ. लेखिएको रसिद लेटरप्याड थान १ फेला परेको निजहरुले अवैध रुपमा हतियार खरीद गरि ल्याई बिक्री वितरण गर्ने डाँका लुटपाट लगायत अन्य जघन्य अपराध गर्ने योजना बनाई रहेको अवस्थामा फेला पारेको हुँदा उक्त सामानहरु सहित बरामद गरिएको भन्ने व्यहोराको मिति २०६९/०६/२८ गतेको खानतलाशी बरामदी मुचुल्का ।

(२) मिति २०६९/६/२८ गते दिउसो १६:३० बजेको समयमा का.जि.मा.म.न.पा. वडा नं.४ धुम्बाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामालाई बरामदी मुचुल्कामा उल्लेखित हतियार सहित पक्राउ गरी दाखिला गरेका छौ निजहरु उपर कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६९/६/२८ गतेको प्रहरी प्रतिवेदन ।

(३) म विगत ५ वर्ष अगाडी देखि काठमाण्डौमा आई ललितपुर स्थित वयलकम पार्टी प्यालेसमा काम गर्दै आएकोमा सोही स्थानमा काम गर्ने सागर राईले बारदात हुनुभन्दा ३/४ महिना अगाडी मेरो घरमा आमा

विरामी भएको छ मसंग हतियार पेस्तोल र गोली छ यो सामान तिमीले राम्रोसंग राख्नु भनि मलाई उक्त हतियार र गोली दिएकोमा उक्त सामान का.जि.बौद्धमा लगि राखेको र उक्त सामान विक्रि गर्ने योजना वनाई वसेको अवस्थामा महाविर तामाङ्गले हतियार किन्ने कुरा गरेपछि निजलाई मिति २०६९/६/२८ गते दिउसो १६:३० वजेको समयमा का.जि.धुम्वाराही स्थित सडकमा वरामद भई आएको उक्त हतियारको धनी को वनाउने भनि चिनेको सुमन तामाङ्ग र हिरा बहादुर तामाङ्गलाई वोलाई एक छिनको लागि मसंग भएको हतियारको धनी वनी दे भनेको थिए सोही स्थानमा हतियार किनवेचको कुरा हुदै गर्दा प्रहरी आई हामीहरुलाई पक्राउ गरेको हो पक्राउ गर्ने क्रममा मेरो साथवाट वरामदी मुचुल्कामा उल्लेखित पेस्तोल नाल १ र ऐ.को गोली राउण्ड १ तथा महाविर तामाङ्गको साथवाट माओवादी कम्प्युनिष्ट केन्द्र नेपाल लेखेको पर्चा थान १, ऐ.लेखिएको रसिद प्याड थान १ फेला परेको हो उक्त हतियार रु १,५०,०००/-मा विक्रि गर्ने कुराकानी भएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी राम अर्यालले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज ।

(४) म २० वर्ष अगाडी देखि काठमाण्डौमा आई विदेश समेत गई भक्तपुर सुर्यविनायकमा डेरा कोठा गरी बसेकोमा मेरो भान्जा डेविट लामाको राम अर्यालसंग पुर्व चिनजान भएकोले वारदाल हुनुभन्दा ७ दिन अगाडी म भान्जालाई भेट्न गएको अवस्थामा निज राम अर्याल पनि उक्त कोठामा रहेछन् त्यही कोठामा वसी कुराकानी हुँदा निजले मलाई मसंग हतियार पेस्तोल र गोली छ उक्त सामान किन्छौ भनि कुराकानी भएको थियो मिति २०६९/६/२७ गते निज राम अर्यालले फोन गरी मेरो घरमा आमा विरामी भएको छ म तुरुन्त घर जानु पर्‍यो हतियार के गर्छौ भन्दा मिति : २०६९/६/२८ गते लिने कुरा भए पछि सो दिन मैले आकाश तामाङ्गलाई का.जि.स्वयम्भुमा वोलाई एक छिन धुम्वाराहीमा काम छ भनि वसमा चढी का.जि.चक्रपथमा झरी चक्रपथवाट धुम्वाराहीमा गई निज राम अर्याललाई भेटी हतियार के कतिमा किनवेच गर्ने हो भनि कुराकानी गर्दै गर्दा प्रहरी आई प्रतिवेदनमा उल्लेखित हतियार पेस्तोल गोली पर्चा रसिद प्याड सहित प्रहरीले वरामद गरी म समेतलाई पक्राउ गरेको हो निज राम अर्यालसंग वरामद भएको हतियार रु १,५०,०००/- मा किनवेच गर्ने कुराकानी भएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी महाविर तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज ।

(५) निज महाविर तामाङ्ग पुर्व चिनजानमा व्यक्ति हुन निजले मेरो होटलमा खाएको रकम रु ४५००/- भएको कारण उक्त रकम लिनको लागि मिति २०६९/६/२८ गते फोन गर्दा मलाई स्वयम्भुमा वोलाएको कारण उक्त रकम लिनको लागि का.जि. स्वयम्भुमा गई निज महाविर तामाङ्गलाई भेटी कुरा गर्दा का.जि.धुम्वाराहीमा एउटा काम हुन्छ त्यो काम भएपछि म रकम दिउला संगै जाउँ भनेको कारण म निजसंगै का.जि.धुम्वाराहीमा गई हाल पक्राउमा परी आएका राम अर्यालसंग महाविर तामाङ्गले भेटी कुराकानी गर्दै गर्दा प्रहरी आई म समेतलाई पक्राउमा गरेको हो उक्त स्थानमा हतियार किनवेच गर्ने कार्य हुदैछ भन्ने कुराको जानकारी थियो भन्ने समेत व्यहोराको प्रतिवादी आकाश तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज ।

(६) हाल पक्राउ परी हिरासत कक्षमा रहेका राम अर्यालले संगै घर जाने भनि कुरा भएको कारण निजलाई भेट्नको लागि मिति २०६९/६/२८ गते दिउसो १६:३० वजेको समयमा का.जि.धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा आई निजलाई भेटी कुराकानी गर्दै गर्दा प्रहरी आई हामीहरु समेतलाई पक्राउ गरेको हो उक्त स्थानमा हतियार किनवेच गर्ने कार्य हुदैछ भन्ने कुराको जानकारी थिएन भन्ने समेत लगभग एकै मिलानको प्रतिवादी सुमन तामाङ्ग र हिरा बहादुर तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज ।

(७) The articel No 1 is a local made (home made) pistol through which 7.65mm, calibre pistol cartidges can be fired. Its action mechanism is in working order. Its barrel showed sign of discharge fire on chemical examination of fouling material found inside the barel, however, the date and time of firing cannot be ascertained with scientific accuracy. The article no 2 to a KF (Kirtee factory) india made misfired cartridge of 7.65mm calibre pistol. It can be fired through Artical no.1 भन्ने समेत व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदन ।

(८) मिति २०६९/६/२८ गते दिउसो १६:३० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं.४ धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामालाई पेस्तोल नाल १, ऐ.को गोली राउण्ड १, माओवादी कम्प्युनिष्ट केन्द्र नेपालको पर्चा रसिद प्याड समेत फेला परेको हो निजहरुले अवैध रुपमा हतियार किनवेच गर्ने कार्य गर्नुको साथै विभिन्न अपराध गर्ने कार्य भए गरेको हुँदा निजहरु उपर कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत एकै व्यहोराको समिर कुमार अधिकारी, हरि कृष्ण खत्री, विप्लव दाहालको कागज ।

(९) वारदातमा संलग्न रही फरार रहेका प्रतिवादी सागर राईको खोजतलास गर्दा फेला नपरेको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

(१०) यसमा महानगरीय प्रहरी बृत्त महाराजगंजबाट अनुसन्धान भई अभियोजनार्थ प्राप्त मिसिल संलग्न खानतलासी वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरुको बयान कागज, बुझिएका मानिसहरुको घटना विवरण कागज समेतमका मिसिल कागज प्रमाणहरुवाट मिति २०६९/६/२८ गते दिउसो अ.१६:३० बजेको समयमा बरामदी Made in USA लेखिएको पेस्तोल र सो को गोली राउण्ड १ समेत खरिद बिक्री गर्ने उद्धेश्यले प्रतिवादीहरु राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामा समेत का.जि.का.म.न.पा.वडा नं.४ धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा आपसी कुराकानी, छलफल गरी रहेको अवस्थामा प्रतिवादी मध्ये राम अर्यालको साथबाट उक्त हतियार, खरखजाना बरामद भई आएको वारदात स्थापित हुन आयो ।

अब, प्रस्तुत वारदात यी प्रतिवादीहरु समेतको के कस्तो संलग्नतामा घटित भएको रहेछ र के कुन कसुर जनित कार्य गरेकोमा के कस्तो सजायको मागदावी लिई अभियोजन गर्नु पर्ने हो सो सम्वन्धमा मिशिल संकलित प्रमाण कागजातहरुको अध्ययन गरी हेर्दा मिति २०६९/६/२८ गते दिउसो १६:३० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.४ धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामालाई बरामदी मुचुल्कामा उल्लेखित हतियार सहित पक्राउ गरी दाखिला गरेका छौ निजहरु उपर कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६९/६/२८ गतेको प्रहरी प्रतिवेदन परेकोमा का.जि.का.म.न.पा.वडा नं.४ धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा ५ जना व्यक्तिहरुलाई शंकास्पद अवस्थामा फेला पारी उक्त स्थानमा रहेका राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामालाई नियन्त्रणमा लिई रितपुर्वक खानतलासी गर्ने क्रममा राम अर्यालको साथवाट मेड ईन यु.एस.ए.लेखिएको अटोमेडिक पेस्तोल नाल १, ऐ.को गोली राउण्ड १, महाविर तामाङ्ग साथवाट माओवादी कम्प्युनिष्ट केन्द्र नेपाल लेखेको पर्चा थान १, ऐ.लेखिएको रसिद प्याड थान १ फेला परेको निजहरुले अवैध रुपमा हतियार खरिद गरी ल्याई विक्रि वितरण गर्ने डाँका लुटपाट लगायत अन्य जघन्य अपराध गर्ने योजना वनाई रहेको अवस्थामा फेला परेको हुँदा उक्त सामानहरु सहित वरामद गरिएको भन्ने व्यहोराको मिति २०६९/६/२८ गतेको खानतलासी बरामदी मुचुल्का बाट देखिएको छ भने बरामदी पेस्तोल समेत परिक्षणको लागी पठाइएकोमा The articel No 1 is a local made (home made) pistol through which 7.65mm, calibre pistol cartridges can be fired. Its action mechanism is in working order. Its barrel showed sign of discharge fire on chemical examination of fouling material found inside the barel, however, the date and time of firing cannot be ascertained with scientific accuracy. The article no 2 to a KF (Kirkee factory) india mae misfired cartridge of 7.65mm calibre pistol. It can be fired through Artical no.1 भन्ने समेत व्यहोराको केन्द्रीय प्रहरी बिधि बिज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ ।

त्यसैगरी, **प्रतिवादी राम अर्यालले वयान गर्दा** म विगत ५ बर्ष अगाडी देखि काठमाण्डौमा आई ललितपुर स्थित वयलकम पार्टी प्यालेसमा काम गर्दै आएकोमा सोही स्थानमा काम गर्ने सागर राईले वारदात हुनुभन्दा ३/४ महिना अगाडी मेरो घरमा आमा विरामी भएको छ मसंग हतियार पेस्तोल र गोली छ यो सामान तिमीले राम्रोसंग राख्नु भनि मलाई उक्त हतियार र गोली दिएकोमा उक्त सामान का.जि.वौद्धमा लगि राखेको र उक्त सामान विक्रि गर्ने योजना वनाई वसेको अवस्थामा महाविर तामाङ्गले हतियार किन्ने कुरा गरेपछि २०६९/६/२८ गते हतियार किन्ने कुरा गरेपछि निजलाई मिति २०६९/६/२८ गते दिउसो १६:३० वजेको समयमा का.जि.धुम्वाराही स्थित सडकमा बरामद भई आएको हतियार विक्रि गर्नको लागि आउने क्रममा निज महाविर तामाङ्गसंग आकाश लामा पनि आएको थिए । मैले उक्त हतियारको धनीको वनाउने भनि चिनेको सुमन तामाङ्ग र हिरा बहादुर तामाङ्गलाई वोलाई एक छिनको लागि मसंग भएको हतियारको धनी वनी दे भनेको थिए सोही स्थानमा हतियार किनवेचको कुरा हुदै गर्दा प्रहरी आई हामीलाई पक्राउ गरेको हो पक्राउ गर्ने क्रममा मेरो साथवाट वरामदी मुचुल्कामा उल्लेखित पेस्तोल नाल १ र ऐ.को गोली राउण्ड १ तथा महाविर तामाङ्गको साथवाट माओवादी कम्प्युनिष्ट केन्द्र नेपाल लेखेको पर्चा थान १, ऐ.लेखिएको रसिद प्याड थान १ फेला परेको हो उक्त हतियार रु १,५०,०००।- मा विक्रि गर्ने कुराकानी भएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी राम अर्यालले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको अवस्था छ भने अर्का प्रतिवादी महाविर तामाङ्गले वयान गर्दा म २० बर्ष अगाडी देखि काठमाण्डौमा आई विदेश समेत गई भक्तपुर सुर्यविनायकमा डेरा कोठा गरी वसेकोमा मेरो भान्जा डेविट लामाको राम अर्यालसंग पुर्व चिनजान भएकोले वारदात हुनुभन्दा ७ दिन अगाडी म भान्जालाई भेट्न गएको अवस्थामा निज राम अर्याल पनि उक्त कोठामा रहेछन् त्यही कोठामा बसी कुराकानी हुँदा निजले मलाई मसंग हतियार पेस्तोल र गोली छ उक्त सामान किन्छौ भनि कुराकानी

भएको थियो । मिति २०६९/६/२७ गते निज राम अर्यालले फोन गरी मेरो घरमा आमा विरामी भएको छ म तुरुन्त घर जानु पऱ्यो हतियार के गर्छौ भन्दा मिति २०६९/६/२८ गते लिने कुरा भए पछि सो दिन मैले आकाश तामाङ्गलाई का.जि.स्वयम्भुमा वोलाई एक छिन धुम्वाराहीमा काम छ भनि वसमा चढी का.जि. चक्रपथमा झरी चक्रपथवाट धुम्वाराहीमा गई निज राम अर्याललाई भेटी हतियार के कतिमा किनवेच गर्ने हो भनि कुराकानी गर्दै गर्दा प्रहरी आई प्रतवेदनमा उल्लेखित हतियार पेस्तोल गोली पर्चा रसिद प्याड सहित प्रहरीले वरामद गरी म समेतलाई पक्राउ गरेको हो निज राम अर्यालसंग वरामद भएको हतियार रु १,५०,०००।- मा किनवेच गर्ने कुराकानी भएको थियो भन्ने समेत व्यहोराको प्रतिवादी महाविर तामाङ्गले आफ्नो व्यहोरा लेखाई दिएको देखिन्छ । **प्रतिवादी आकाश घलान तामाङ्गले वयान गर्दा** निज महाविर तामाङ्ग पुर्व चिनजानका व्यक्ति हुन निजले मेरो होटलमा खाएको रकम रु ४५००/- भएको करण उक्त रकम लिनको लागि मिति २०६९/६/२८ गते फोन गर्दा मलाई स्वयम्भुमा वोलाएको कारण उक्त रकम लिनको लागि का.जि.स्वयम्भुमा गई निज महाविर तामाङ्गलाई भेटी कुरा गर्दा का.जि.धुम्वाराहीमा एउटा काम हुन्छ त्यो काम भएपछि म रकम दिउला संगै जाउँ भनेको कारण निजसंगै का.जि.धुम्वाराहीमा गई हाल पक्राउमा गरी आएका राम अर्यालसंग महाविर तामाङ्गले भेटी कुराकानी गर्दै गर्दा प्रहरी आई म समेतलाई पक्राउ गरेको हो उक्त स्थानमा हतियार किनवेच गर्ने कार्य हुदैछ भन्ने कुराको जानकारी थियो भन्ने समेत व्यहोराको प्रतिवादी आकाश तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष आफ्नो व्यहोरा लेखाई दिएको अवस्था छ । **प्रतिवादी हिरा बहादुर तामाङ्ग र सुमन तामाङ्गले बयान गर्दा** हाल पक्राउमा परी हिरासत कक्षमा रहेका राम अर्यालले संगै घर जाने भनि कुरा भएको कारण निजलाई भेट्नको लागि मिति २०६९/६/२८ गते दिउसो १६:३० वजेको समयमा का.जि.धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा आई निजलाई भेटी कुराकानी गर्दै गर्दा प्रहरी आई हामीहरु समेतलाई पक्राउ गरेको हो उक्त स्थानमा हतियार किनवेच गर्ने कार्य हुदैछ भन्ने कुराको जानकारी थिएन भन्ने एकै मिलानको वयान व्यहोरा लेखाई दिएको देखिन्छ ।

साथै मिति २०६९/६/२८ गते दिउसो १६:३० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं.४ धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामालाई पेस्तोल नाल १, ऐ.को गोली राउण्ड १, माओवादी कम्प्युनिष्ट केन्द्र नेपालको पर्चा रसिद प्याड समेत फेला परेको हो निजहरुले अवैध रुपमा हतियार किनवेच गर्ने कार्य गर्नुको साथै विभिन्न अपराध गर्ने कार्य भए गरेको हुँदा निजहरु उपर कानुन वमोजिम कारवाही गरी पाउँ भन्ने समेत एकै व्यहोराको समिर कुमार अधिकारी, हरि कृष्ण खत्री, विप्लव दाहालले कागज गरिदिएको अवस्था छ ।

यसरी, माथी उल्लेखित तथ्यगत आधार प्रमाणहरुबाट मिति २०६९/६/२८ गते दिउसो १६:३० बजेको समयमा बरामदी Made in USA लेखिएको पेस्तोल र सो को गोली राउण्ड १ समेत खरिद बिक्री गर्ने उद्धेश्यले प्रतिवादीहरु राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामा समेत का.जि.का.म.न.पा.वडा नं. ४ धुम्वाराही स्थित स्टार फुडल्याण्ड नजिक सडकमा आपसी कुराकानी, छलफल गरी रहेको अवस्थामा प्रतिवादी मध्ये राम अर्यालको साथमा उक्त हतियार, खरखजाना बरामद भई आएकोले प्रतिवादी राम अर्याललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बिपरितको कसुर अपराधमा तथा अन्य प्रतिवादीहरु महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग र हिरा बहादुर लामालाई सोही ऐनको दफा ३(२) बिपरितको कसुर अपराधमा निज प्रतिवादीहरु राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामालाई सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १६ बमोजिम उक्त बरामदी पेस्तोल र गोली जफत हुन समेतको मागदावी लिई पक्राउ प्रतिवादीहरु राम अर्याल, महाविर तामाङ्ग, आकाश तामाङ्ग, सुमन तामाङ्ग, हिरा बहादुर लामा र सक्कल मिसिल यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०६९/०७/२३ को अभियोग-पत्र ।

११. सागर राई संग १ बर्ष अगाडी ललितपुर स्थित वेलकम पार्टी प्यालेसमा काम गर्दा देखिकै चिनजान थियो । मेरो डेरा चावहील हुदैं लगभग ३/४ महिना अगाडी निज सागर राई र म संगै डेरामा बसेका बखत निजले मेरी आमा बिरामी छन् भेट्न जानु पर्यो भनि म संगबाट रु.५,०००।- खर्च लिई निज आफ्नो घर पोखरा तर्फ गएका थिए । सो पछि निज डेरामा फर्कि नआएकाले म पनि चावहीलबाट बौद्धतर्फ डेरा सर्ने क्रममा लगभग २ महिना अगाडी निजले छोडी गएको सुटकेश मैले खोली हेर्दा त्यसमा १ थान उपरोक्त उल्लेखित पेस्तोल र गोली पाई उक्त हतियार र गोली नयाँ डेरा (बौद्ध) मा राख्दै आएको थिएँ । यसै क्रममा दशैं अगाडी तीर म जागिर छोडी मेरो घरतर्फ लाग्ने मनसायले मसँगै काम गर्ने डेबिट तामाङलाई उक्त हतियार र गोली के गर्ने ? प्रहरीमा बुझाउने कि भनि सल्लाह माग्दा निजले प्रहरीमा बुझाउदा प्रहरीले पक्रन्छ मेरो अँकल महावीर तामाङ सँगै हुनुहुन्छ भनि भने र महावीर तामाङले पनि मेरो मान्छे छ कि म राख्छु कि उस्ले राख्छ भनेकाले सोही बिश्वासमा बसी रहेका वखत असोज २७ गते मेरो निज महावीर तामाङ संग उक्त हतियारका बिषयमा कुरा हुँदा आज मान्छे छैन भोली आउछ भनि भनेकाले निज महावीर तामाङले मिति २०६९/०६/२८

गते फोन गरि उक्त हतियार र गोली लिई काठमाडौ धुम्बाराहीमा आउन भनि भनेकाले म उक्त हतियार र गोली लिई जाँदा महावीर तामाङ संग उक्त स्थानमा भेट भई हतियार लिने व्यक्ति भनि चिनाएका व्यक्ति म र निज महावीर तामाङ सानु खाजा पसल तीर जान लाग्दा बाटैमा मेरो साथबाट प्रहरीले उक्त पेस्तोल र गोली बरामद गरेको हो । मसंग बाट उक्त हतियार र गोली बरामद गर्दाका बखत महावीर तामाङ म संगै थिए । र मलाई पक्राउ गरेको देखि निज भाग्दै थिए । सो पछि प्रहरीले निज महावीर तामाङ समेतलाई सोही ठाँउबाट पक्राउ गरेको हो । अन्य प्रतिवादीहरु उक्त हतियार बरामद हुँदाका बखत मसंग थिएनन् । मलाई पक्राउ गरि नजिकैको स्टार फुडल्याण्डमा राखिए पछि सोही स्थानमै अन्य प्रतिवादीहरु सुमन , आकाश घलान र महावीर तामाङलाई ल्याईएको थियो । हिरा बहादुर लामा हामी चक्रपथ बृत्त पुग्नु अगावै त्यहाँ ल्याई सकिएका थिए भन्ने समेत व्यहोराको प्रतिवादी राम अर्यालले यस कार्यालयमा गरेको बयान ।

१२. बरामदी मुचुल्कामा भएको सहीछाप म समेतको हो । मैले उक्त कागजात पढ्न र त्यस्मा उल्लेखित व्यहोरा अवगत गर्न नपाएको , प्रहरीद्धारा जबरजस्ती दस्तखत मात्र गराईएकोले उक्त कागजात आज यस कार्यालयमा हेरी थाहा पाँए । पेस्तोल र गोली मबाट बरामद भएको होइन । राम अर्यालबाट बरामद भएको भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी आकाश घलान तामाङले यस कार्यालयमा गरेको बयान ।

१३. बरामदी मुचुल्कामा मलाई प्रहरीले पढ्न नदिई कुटपिट गरि जबरजस्ती सही गराएको हो । मबाट पेस्तोल र गोली बरामद भएको होइन । राम अर्यालसंग डेबिट मार्फत ४ ,५ दिन अघि भेट भएको थियो । निजले सोही बखत हतियारका बारेमा कुरा गरेको थियो । मैले म राख्दिन भनेको थिएँ । मिति २०६९/०६/२८ गते राम अर्यालले तपाई जसरी पनि आउनु उक्त हतियार राखिदिनु भनि फोन मार्फत बोलाएकाले म धुम्बाराही पुग्दा प्रहरीले राम अर्याललाई पक्राउ गरि सकेको रहेछ । राम अर्याल र आकाश घलान बाहेक अरु प्रतिवादीलाई चिनेको छैन । निज पक्राउ परे पछि मैले निज राम अर्यालबाटै गोली र पेस्तोल बरामद भएको भन्ने सुनि थाहा पाएको हुँ । सोही धुम्बाराहीबाटै प्रहरीले राम अर्याल र आकाश घलानलाई पक्राउ गरि म समेत लाई पक्राउ गरेका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी महावीर तामाङले यस कार्यालयमा गरेको बयान ।

१४. मबाट पेस्तोल र गोली बरामद भएको होइन । रामको हो र उसैबाट बरामद भएको भन्ने सुनेको हुँ । मिति २०६९/०६/२८ गते काठमाडौ महाराजगंज नजिकको चप्पलकारखानाबाट सोधपुछ गर्नु छ भनि पक्राउ गरि प्रहरीले लगेको हो । प्रतिवादी मध्येका सुमन तामाङलाई मात्र चिन्दछु भन्ने समेत व्यहोराको प्रतिवादी हिरा बहादुर तामाङले यस कार्यालयमा गरेको बयान ।

१५. मिति २०६९/०६/२८ गते म बाईकमा धुम्बाराही पुग्दा सादा पोशाकका प्रहरीले प्रतिवादी राम अर्याललाई कुटपिट गरि रहेका बखत मैले किन कुटपिट गर्नु भएको भनि सोधपुछ गर्दा प्रहरीले मलाई पनि पक्राउ गरि लगेको हो । बरामदी मुचुल्कामा भएको सहिछाप म समेतको हो । प्रहरीले पढ्न नदिई जबरजस्ती सहिछाप गराएको हो । मबाट पेस्तोल , गोली बरामद भएको होइन । प्रतिवादी मध्येका राम अर्याललाई चिन्दछु भन्ने समेत व्यहोराको प्रतिवादी सुमन तामाङले यस कार्यालयमा गरेको बयान ।

१६. यसमा प्रतिवादी मध्येका राम अर्यालले अभियोग माँगदावी बमोजिम मेड इन यु.एस.ए. लेखिएको म्याग्जीन सहितको पेस्तोल थान १ र सोको गोली १ थान समेत आफुबाट बरामद भएको हो भनि अभियोग स्वीकारी बयान गरेका र अन्य प्रतिवादीहरु हिरा ब. लामा , सुमन तामाङ , आकाश घलान ( तामाङ) र बाला भन्ने महावीर तामाङले उक्त पेस्तोल र गोली आफुहरुबाट नभई प्रतिवादी मध्येका राम अर्यालबाट बरामद भएको भनि बयान गरेता पनि निजहरु उपरको प्रहरी प्रतिवेदन, सबै प्रतिवादीहरुले सहिछाप गरि दिएको बरामदी मुचुल्का , निजहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान , मौकाको कागज समेतका मिशिल संलग्न कागजातहरुबाट राम अर्याल बाहेकका अन्य प्रतिवादीहरु समेत कसुरदार होइनन् भन्न सकिने अवस्था हाल बिद्यमान नरहेकाले पछि मुद्दा किनारा हुँदाका बखत ठहरे बमोजिम हुने गरि हाललाई प्रतिवादीहरु राम अर्याल, हिरा बहादुर लामा, सुमन तामाङ, आकाश घलान (तामाङ) र बाला भन्ने महावीर तामाङलाई हातहतियार तथा खरखजाना ऐन २०१९ को दफा २४ क बमोजिम थुनामा राखी प्रस्तुत मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत व्यहोराको मिति २०६९/०७/२७ को यस कार्यालयबाट भएको थुनछेक आदेश ।

१७. मिति २०६९/०६/२८ गते का.जि. धुम्बाराही स्थित स्टार फुडल्याण्ड अगाडीबाट प्रतिवादीहरु पाँचैजनालाई पक्राउ गरि शरीर तलाशी लिंदा प्रतिवादीहरु मध्येका राम अर्यालबाट मेड इन यु.एस.ए., Automatic Pistol तथा नोजलको भागमा ११०० लेखिएको म्याग्जीन सहितको कालो रंगको फलामको पेस्तोल नाल १ र ऐ. को गोली राउण्ड १ बरामद गरि कारवाहीका लागि दाखिला गरेको ठिक साँचो हो भन्ने समेत व्यहोराको प्रतिवेदक तथा वादीका साक्षी प्र.ना.नि. बिष्णु गुरुङले यस कार्यालयमा गरेको बकपत्र तथा सोही बकपत्र व्यहोरा संग मिलान हुने गरि प्रतिवेदक तथा वादीका साक्षी प्र.स.नि. नेवेन्द्र कार्की, प्र.ना.नि. हरी प्रसाद भट्, प्र.स.नि. कपिल श्रेष्ठ समेतका प्रतिवेदकहरुले यस कार्यालयमा गरेको बकपत्र ।

१८. सुमन तामाङलाई म सानै देखि चिन्दछु । घरको आर्थिक अवस्था कमजोर छ । गाँउघरमा रहदा बस्दाको निजको चालचलन असल छ । उनी हतियार र गोली लिई हिड्ने खालका व्यक्ति होइनन् भन्ने समेत प्रतिवादी सुमन तामाङका साक्षी सानु कान्छा तामाङले यस कार्यालयमा गरेको बकपत्र ।

१९. निज महावीर तामाङलाई सानै देखि चिन्दछु । निजको घरको आर्थिक अवस्था ठिक छ । खानलाउन पुग्छ । मैले बुझेसम्म निजको चालचलन राम्रो छ । निजले हतियार र गोली बोकी हिड्ने, राख्ने कुरामा विश्वास लाग्दैन भन्ने समेत व्यहोराको प्रतिवादी महावीर तामाङका साक्षी पूर्ण बहादुर तामाङले यस कार्यालयमा गरेको बकपत्र ।

२०. यसमा प्रतिवादी हिरा बहादुर लामालाई म सानै देखि चिन्दछु । निज असल चरित्र भएका व्यक्ति हुन् । निजले हतियार (पेस्तोल) र गोली राख्नु पर्ने अवस्था छैन र राखे भन्ने कुरा बिश्वास छैन भन्ने समेत व्यहोराको प्रतिवादी हिरा ब. लामाका साक्षी भुपेन्द्र लामाले यस कार्यालयमा गरेको बकपत्र ।

२१. प्रतिवादी हिराबहादुर लामा र सुमन तामाङ समेतले वेरितको आदेश बदर गरी तारेखमा रही मुद्दा पूर्पक्ष गर्न पाउ भनी पुनरावेदन अदालत पाटन ललितपुरमा निवेदन गरी यस कार्यालयको च.नं.३५५ मिति २०६९/०९/०९ को पत्रसाथ कैफियत प्रतिवेदन प्रस्तुत भएको ।

२२. पुनरावेदन अदालत पाटन ललितपुरबाट मिति २०६९/१०/०५ मा प्रतिवादी हिराबहादुर लामा र सुमन तामाङ्गलाई मु.ऐ.अ.वं.को ४७ नं. बमोजिम साधारण तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्न आदेश भई उक्त आदेश सहितको च.नं.२५४२ मिति २०७०/१०/०५ को पत्रसाथ फायल प्राप्त भई निज प्रतिवादीहरु मिति २०६९/१०/०७ बाट थुना मुक्त भई साधारण तारेखमा रही आएको ।

## यस कार्यालयको ठहर

२३. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी राम अर्याल,हिराबहादुर लामा,सुमन तामाङ्ग,आकाश घलान ( तामाङ्ग) र वाला भन्ने महावीर तामाङ्गले हातहतियार खरखजाना ऐन, २०१९** को दफा ३(२) र ५(१) विपरितको कसूर **अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

२४. यसमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी प्रतिवादी महावीर तामाङ्गको तर्फबाट उपस्थित विद्धान अधिवक्ता भूपेन्द्रबहादुर थिङ्गको बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा मिति ०६९/०६/२८ को वरामदी मुचुल्कामा उल्लेख भए अनुसारको Made in USA Automatic Pistol , सो को म्याजिन-१, गोली राउण्ड-१ आफुबाट वरामद भएको उक्त हतियार र गोली प्र.महाविर तामाङ्गसँग विक्री गर्न भनी लगेको अवस्थामा आफु समेत अन्य प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरी उक्त हतियार आफुबाट वरामद भएको व्यहोरा उल्लेख गरी प्र.राम अर्यालले अनुसांन अधिकृत समक्ष गरेको वयानका साथै वरामदी मुचुल्कालाई समर्थन गर्ने गरी यस कार्यालयमा गरेको वयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादी राम अर्यालको साथबाट वरामदी मुचुल्कामा उल्लेख भएको पेस्तोल थान १,सो को गोली राउण्ड १ समेत वरामद भएको र प्रतिवादी महावीर तामाङ्ग,आकाश घलान उक्त हतियार उक्त हतियार आफुहरुले खरिद गर्ने उद्धेश्यले गएको अवस्थामा पक्राउ परेको,प्रतिवादी राम अर्यालसँग अवैध हतियार भएको तथ्य प्र.महाविर तामाङ्ग र प्र.आकाश घलानलाई पहिले देखि नै जानकारी भएको उक्त हतियार खरिद गर्न कै लागि गएको अवस्थामा तत्काल पक्राउ परेकोले स्पष्ट भएकोले प्रतिवादी राम अर्यालले विना इजाजत आफुसँग अवैध पेस्तोल थान १ र सोको म्याग्जिन सहितको गोली राउण्ड १ साथमा राखी लिई हिड्ने कार्य गरेको र उक्त कार्यमा प्रतिवादी महावीर तामाङ्ग र प्रतिवादी आकाश घलान तामाङ्ग समेतको मिलोमतो संलग्नता रहेको देखिएकोले प्रतिवादी राम अर्याल,महावीर तामाङ्ग र आकाश घलानले हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) र ५(१) को कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले कसूरको मात्रा समेतलाई विचार गरी सोही ऐनको दफा २०(२) र २०(३) अनुसार प्रतिवादी राम अर्याललाई ३ तीन वर्ष कैद सजाय र प्रतिवादी महाविर तामाङ्ग र आकाश घलानलाई जनही ८०,०००।- असी हजार जरिवाना हुन्छ ।प्रतिवादी सुमन तामाङ्ग र हिराबहादुर लामा सँगै घर जाने उद्धेश्यले प्र.राम अर्याललाई भेट्न गएको अवस्थामा पक्राउ परेको कुरा अनुसन्धान कै क्रममा उल्लेख गरी वयान गरेको र अन्य प्रतिवादीहरु समेतबाट उक्त हतियार राख्नमा निजहरुको संलग्नता रहेको भन्ने कहि कतैबाट उल्लेख नभएकाले निज प्र.सुमन तामाङ्ग र हिराबहादुर लामा उपरको अभियोग दावी पुग्न सक्दैन । निजहरुले सफाई पाउने ठहर्छ । अभियोग पत्रसाथ दशीको रुपमा पेश हुन आएको पेस्तोल थान १,सो को म्याग्जिन सहितको गोली राउण्ड १ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी राम अर्याललाई जनही ३ तीन वर्ष कैद सजाय ठहरी फैसला भएकोले प्रतिवादी राम अर्याल मिति २०६९/०६/२८ देखी प्रहरी हिरासतमा बसेको देखिदा कानून बमोजिम सोही मितिबाट गणना गरी कैदीपूर्जि दिनु..........................................................................................................................१

प्रतिवादी महाविर तामाङ्ग र आकाश घलानलाई जनही रु ८०,०००।- असी हजार जरिवाना हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६९/०६/२८ देखी  थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी जरिवाना रकम दाखिला गरेमा थुनाबाट छाडि दिनु, जरिवाना रकम दाखिला नगरेमा कानून बमोजिम जरिवाना वापतको कैद गर्न कैदीपूर्जि दिनू...............................................................................२

प्रतिवादीहरुले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनु र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ..................३

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु....................................................................................................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...............................................................................................६

..................................

(**बसन्त राज गौतम**)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल फाल्गुण ९ गते रोज १ शुभम् ....................................................